## मिति २०८०/०३/०१ गतेको कार्यपालिका बैठकका निर्णयहरु

## कार्यपालिकाको बैठक संख्या :- १०६

### बैठकका प्रस्तावहरु

१. गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।

२. आगामि आ.व.वडा स्तरिय बजेट सिलिङ्ग निर्धारण सम्वन्धमा ।

३. स्थानीयमा आधारित पाठ्यपुस्तक सम्वन्धमा ।

४. आगामि आ.व.को नीति तथा कार्यक्रम ।

५. समसामायिक विविध ।

### निर्णयहरु

१. मिति २०७९/१२/२१ गते सम्पन्न भएको कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा गर्दा गत बैठकबाट भएका निर्णयहरु पूर्ण रुपमा कार्यान्वयन भई रहेको सन्तोष व्यक्त गरियो ।

२. आगामि आ.व. वडा स्तरिय बजेट रु १,००,००,०००।- (अक्षेरुपि रु एक करोड मात्र) सिलिङ्ग निर्धारण गर्ने निर्णय गरियो ।

३. शिक्षा युवा तथा खेलकुद शाखाद्दारा निर्माण गरिएको स्थानीय पाठ्यक्रममा आधारित आधारभुत तह कक्षा ६,७ र ८ पाठ्यपुस्तक स्वीकृत गरि प्रकाशन गर्ने निर्णय गरियो ।

४. आगामि आ.व.को लागि विभिन्न शाखा उप-शाखाद्दारा निर्माण गरिएको वार्षिक नीति स्वीकृत गरि सोहि आधारमा कार्यक्रम निर्माण गर्ने निर्णय गरियो ।

### समसामायिक विविध निर्णयहरु

१. कपिलवस्तु नगरपालिकाको प्रस्तावित **"कपिलवस्तु नगरपालिकाको नि:शुल्क शिक्षा कार्यान्वयन गर्न बनेको ऐन, २०८०"** छलफल गरि स्वीकृतका लागि पेश गर्न विधायन समितिमा पठाउन निर्णय गरियो ।

२. आगामि नगर सभा मिति २०८० असार १० गते आइतवार ११:००वजे गर्ने निर्णय गरियो ।

३. यस नगरपालिका वडा नं.९ निवासी राष्ट्रिय एथलेटिक्स खेलाडी श्री तुल्सिराम थारुलाई प्रोत्साहन/सम्मान स्वरुप रु १,००,०००। (अक्षेरुपि रु एक लाख मात्र) दिने निर्णय गरियो ।

४. यस नगरपालिकाको छैठौं मेयर कपमा घाइते भएका खेलाडि क.ब.न.पा ४ निवासी श्री दुर्गेश चौधरीलाई विल भर्पाईको आधारमा रु १५,०००। (अक्षेरुपि रु पन्ध्र हजार मात्र) दिने निर्णय गरियो ।

५. तौलिहवा उघोग वाणिज्य संघ कपिलवस्तु द्दारा यस कपिलवस्तु नगरपालिकामा संचालित **"प्राचिन कपिलवस्तु महोत्सव"** संचालन तथा व्यस्थापन वापत रु ३,००,०००। (अक्षेरुपी रु तिन लाख मात्र) दिने निर्णय गरियो ।

सुदिप पौडेल
नगर प्रमुख

निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत